# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी लुम्बिनी प्रदेश, नेपाल


प.स. ०७८/७९
च.नं.

## पकेट विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।
## (दोस्रो पटक सूचना प्रकाशित मितिः २०७८।११।०६)

छत्रकोट गाउँपालिकाको आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुन्तलाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संख्या १ (एक) संचालन हुने भएकोले इच्छुक कृषक/ कृषि समूह/ कृषि सहकारीहरुले निर्धारित ढाँचामा आवेदन / प्रस्ताव तयार गरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा कृषि विकास शाखामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फाराम यस कार्यालय र सम्बन्धित वडा कार्यालयहरु बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ।

नोटः सुन्तला पकेट संचालनको लागि न्युनतम क्षेत्रफल ४ हेक्टर हुनुपर्नेछ।

<u>पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>

१. अनुसूची-६ बमोजिमको आवेदन फाराम,
२. पकेट समन्वय समितिको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३. समूह/संस्थाको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,
४. प्रस्तावना पेश गर्ने आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
५. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडामा लिएको भएमा कम्तीमा ५ वर्षको सम्झौता प्रतिलिपि,
६. अनुसूची-७ र १० बमोजिमको पकेट क्षेत्र मागको लागि आधारभूत तथ्यांक फाराम,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस,
८. पकेट कार्यक्रम माग गर्ने समूह/ सहकारी/ फार्मको निर्णयको प्रतिलिपि,
९. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(कृष्ण प्रसाद पन्थी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


फोन नं.-९८५७०६७९०८ | ईमेल-info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np